नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सामाजिक सुरक्षा कोष
बबरमहल, काठमाडौं

पत्र संख्याः
चलानी नं.:

## योगदान नियमित गर्ने सम्बन्धी जरुरी सूचना

*प्रकाशित मिति २०७७/०४/०४*

नेपाल सरकार मन्त्री परिषदको मिति २०७६ चैत्र १६ गतेको निर्णयानुसार २०७६ चैत्र महिनाको रोजगारदाता र श्रमिकको तर्फबाट जम्मा हुने योगदान रकम नेपाल सरकारले व्यहोर्ने निर्णय भएकोमा २०७६ फागुन सम्मको योगदान रकम कानून बमोजिम नियमित कोषमा जम्मा गर्ने रोजगारदाता र योगदानकर्ताहरुको उक्त रकम सम्बन्धित योगदानकर्ताको खातामा जम्मा गरिसकिएको छ। आर्थिक वर्ष २०७७/७८ को बजेट वक्तव्यको बुँदा नं. ५७ मा संगठित क्षेत्रका श्रमिकहरुको योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा जम्मा हुने योगदान रकम लकडाउन अवधिभरको लागि नेपाल सरकारले व्यहोर्ने भन्ने व्यहोरा उल्लेख भएको हुँदा २०७६ फागुन/चैत्र सम्मको योगदान रकम कानून बमोजिम नियमित कोषमा जम्मा गर्ने रोजगारदाता र योगदानकर्ताहरुले बजेटमा उल्लेखित सुविधा पाउने देखिएकोले उक्त रकम निकासाको लागि केही समय लाग्न सक्ने हुँदा मिति २०७७ श्रावण महिना देखिको योगदान रकम कानून बमोजिम नियमित गर्नुहुन यो सुचना प्रकाशित गरिएको छ। योगदान नियमित नभई यस कोषबाट पाउने सुविधाबाट कुनै पनि श्रमिक वञ्चित हुन पुगेमा सम्पूर्ण दायित्व रोजगारदाताको हुने स्पष्ट कानूनी व्यवस्था रहेको व्यहोरा समेत जानकारी गराइन्छ ।

२०७७।४।४
विवेक पन्थी
उप कार्यकारी निर्देशक

जि.स.स. भवन, बबरमहल, काठमाडौं, फोनः ०१-४२५५४६४, ४२५६३१५, ४२५६१४४, फ्याक्सः ०१-४२५५४६३
इमेलः info@ssf.gov.np, ssffund315@gmail.com, वेभः www.ssf.gov.np